नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं

## सहकारी विभागको निर्देशन

जारी मिति : २०७९/०४/३१

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को असर तथा प्रभाव, आर्थिक मन्दी, आ.व. २०७९/८० को मौद्रिक नीतिबाट वित्तीय क्षेत्रमा पर्न सक्ने प्रभावका कारण तरलता व्यवस्थापनको असर सहकारी क्षेत्रमा पर्न गई केही सहकारी संघसंस्थाहरुलाई सदस्यको बचत फिर्ता, कर्जा लगानी र असुलीमा कठीनाई भइरहेको भन्ने सम्बन्धमा राष्ट्रिय सहकारी महासंघ, केन्द्रीय संघ र जिल्ला संघहहरुबाट जारी विज्ञप्तीहरुप्रति यस विभागको ध्यानाकर्षण भएको छ ।

समुदायमा आधारित भई सदस्य केन्द्रीत, सहकारी मूल्य मान्यता पालना गरी स्वःनियमन र स्वःशासनमा सञ्चालित सहकारी संघसंस्थाहरुमा समस्या देखिएको छैन । केही सहकारी संघसंस्थाहरु संस्थागत सुशासनमा नचल्ने, अध्यक्ष, सञ्चालक वा व्यवस्थापकले नीति, विधि र प्रणालीको अनुसरण नगरी आफ्नो व्यक्तिगत हितमा केन्द्रीत संस्थाहरु क्रमिक रुपमा समस्यामा पर्ने क्रम चलिरहन्छ । सहकारी संस्थामा सदस्यले नियमित बचत गर्ने र ऋणी सदस्यले लिएको कर्जा समयमै चुक्ता गर्ने कार्यले सहकारी संस्था जीवन्त रुपमा चलिरहन्छ । यसका लागि सञ्चालक, व्यवस्थापक र सदस्यहरु संस्थाको उद्देश्य हाँसिल गर्ने कार्यमा एकिकृत रुपमा लागिरहनु पर्दछ ।

यसै सन्दर्भमा मौद्रिक नीति २०७९, गत विगतको अभ्यास, सहकारी अभियान एवं विभिन्न क्षेत्रबाट प्राप्त सुझाव समेतको आधारमा सहकारी ऐन, २०७४ को दफा २३, २५ (ज), ९५(५) एवं सहकारी नियमावली, २०७५ को नियम ७२(३) र ७६(झ) बमोजिम सहकारी विभागको मिति २०७९/४/३१ को निर्णयानुसार यो निर्देशन जारी गरिएको छ ।

### (क) सहकारी संस्थाहरुका लागि :

(१) सहकारी ऐन, २०७४ को दफा ७३ मा भएको प्रावधान बमोजिम आफुले बुझाउनु पर्ने मासिक/वार्षिक र माग भएका अन्य विवरणहरु यथा समयमै नियामक निकायमा पठाउने/बुझाउने साथै आवश्यक वित्तीय सूचनाहरु कोपोमिस प्रणालीमा प्रविष्टि गर्ने ।

रजिष्ट्रार

(२) सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति र व्यवस्थापकले संस्थाको नियमित कारोवार, तरलता, सम्पत्ति, दायित्वको नियमित जाँचबुझ गर्ने तथा संस्थागत सुशासन कायम गर्नेतर्फ विशेष ध्यान दिने ।

(३) सञ्चालन घाटामा रहेका संस्थाहरुले नाफामा सञ्चालन नहुन्जेलसम्म शेयर लाभांश र कर्मचारी बोनस कोषको रकम वितरण नगर्ने, सञ्चालकहरुको सुविधा कटौती गर्ने, मितव्ययीता अपनाएर निश्चित प्रतिशतले प्रशासनिक खर्च घटाउने, विना योजना खोलिएका वा घाटामा चलेका शाखा वा सेवा केन्द्रहरु वन्द गर्ने आदि उपायहरु अवलम्वन गर्ने ।

(४) मौद्रिक नीतिले निजीक्षेत्रतर्फ कर्जाको बृद्धिदर १.६ प्रतिशत प्रक्षेपण गरेको सन्दर्भमा सहकारी संस्थाहरुले दीर्घकालिन श्रोत सुनिश्चित नगरी कर्जा लगानी नगर्ने । कर्जा लगानी गर्दा तत्काल प्रतिफल प्राप्त हुने स-साना व्यावसायमा लगानी गर्ने र स्थिर सम्पत्तिहरुमा सकेसम्म कर्जा लगानी नगर्ने ।

(५) ऋण असुली प्रकृयालाई प्राथमिकता दिई कार्ययोजना बनाई कार्यान्वयन गर्ने । संस्थाको तर्फवाट कर्जा प्रवाह लगायतको कार्य गर्दा सञ्चालक समितिको वैठकको निर्णयबाट मात्र गर्ने, एकल निर्णयको जिम्मेवारी र जवाफदेहिता स्वयं निर्णयकर्ताको नै हुने । संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई संस्थागत गर्ने । संस्थाको कारोबार सञ्चालन भैरहने व्यवस्था मिलाई संस्थाको क्रियाकलापहरुलाई निरन्तरता दिने ।

(६) विधि र पद्धतीमा सञ्चालित भएका सहकारी संस्थाहरुले तरलताको उपलव्धता, वित्तीय एवं संस्थागत क्षमता हेरी सदस्यहरुलाई नियमित रुपमा बचत फिर्ता गर्ने र सञ्चालक समितिको निर्णय अनुसार साधारणसभाले पारित गरी प्रचलित कानून बमोजिम संस्थाका शेयर सदस्यहरुलाई लाभाशं वितरण गर्न सक्नेछन् ।

(७) आवधिक र ठुलो बचत संकलनमा भन्दा नियमित बचतमा जोड दिने । बचतकर्ता सदस्यहरुसँग नियमित भेटघाट गरी बचत फिर्ता भुक्तानी कहिले चाहिने हो, भुक्तानीको अग्रिम तालिका बनाई नियमित भुक्तानी गर्दै जाने । बचतकर्ता सदस्यलाई नियमित भेटघाट गरी संस्थाको वस्तुगत स्थितिको जानकारी गराउने । संस्थाको विरुद्धमा फैलिएको अफवाहपूर्ण सूचनाको बारेमा संस्थाले विभिन्न माध्यमबाट वस्तुगत अवस्थाको बारेमा तत्कालै सूचना प्रवाह गर्ने ।

(८) प्रत्येक सहकारी संघसंस्थाका सञ्चालक समिति र व्यवस्थापकले एक हप्ताभित्र र त्यसपछि मासिक रुपमा देहायका विषयहरुमा आफ्नो संस्थाका शेयर सदस्यहरुलाई सार्वजनिक सूचना मार्फत जानकारी गराउने ।

तपसिल

| | | | |
|---|---|---|---|
| शेयर पूँजी रु. | जगेडा कोष रु. | कूल सम्पत्ती रु. | कूल बचत रु. |
| लगानीमा रहेको कर्जा रु. | कूल शेयर सदस्य संख्या | कूल ऋणी सदस्य | |
| तरलता रकम र प्रतिशत | कूल संस्थागत पूँजी रु. | विभिन्न कोषहरुको जम्मा रकम रु. | |

(९) केही सहकारी संस्थाहरुमा दर्तावाल लेखापरीक्षकहरुबाट भएको लेखापरीक्षण प्रतिवेदन अध्ययन गर्दा लेखामान अनुरुप लङ्ग फर्म प्रतिवेदन समावेश गरेको नपाइएको हुँदा त्यस्ता लेखापरीक्षकहरुको सम्वन्धमा नेपाल चार्टड एकाउन्टेण्ट संस्थामा प्रतिवेदन गरिने भएकोले राष्ट्रिय लेखामान अनुरुप लेखापरीक्षण प्रतिवेदन लिने व्यवस्था मिलाउने ।

(१०) कोभिड-१९ को असर बढिरहेको परिप्रेक्ष्यमा नेपाल सरकार तथा प्रदेश सरकार एवं स्थानीय तहहरुबाट जारी भएका जनस्वास्थ्य सम्बन्धी सुरक्षा मापदण्डहरुको पालना गर्दै सेवा प्रवाहको प्रबन्ध मिलाउने ।

(११) सहकारी विभागबाट जारी भएका सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनको लागि एकिकृत निर्देशन, २०७९ र सम्पत्ती शुद्धीकरण सम्वन्धी सहकारी संस्थाहरुलाई जारी गरिएको (तेस्रो संशोधन) निर्देशन, २०७४ को पालना गर्ने/गराउने

**(ख) सहकारीका आम शेयर सदस्यहरुको लागिः**

(१) जुनसुकै सहकारी संस्थाको निश्चित कार्यक्षेत्र हुन्छ । सम्बन्धित संस्थाको कार्यक्षेत्र भित्रको व्यक्तिले मात्र संस्थाको शेयर सदस्य प्राप्त भएपछी बचत राख्ने र तीन महिनापछि मात्र ऋण लिने कार्य गर्ने । शेयर सदस्यहरुले आफ्नो संस्थाप्रति चासो राख्ने बानीको विकास गर्ने, वेलावेलामा संस्थाको कारोबार तथा वित्तीय अवस्थाको जानकारी लिई राख्ने र अन्य संस्थामा आएको समस्यादेखि विचलित नहुने । नियतवस प्रवाह भएका गलत सूचनाको पछि नलागी सम्वन्धित सहकारी संस्थाबाट यथार्थ र वास्तविक सूचना नियमित रुपमा प्राप्त गर्ने ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# सहकारी विभाग
नयाँ बानेश्वर, काठमाडौं

(२) सहकारी संस्थाका प्रत्येक सदस्य संस्थाको बराबर हकदार हुन् । सहकारी संस्थाको सञ्चालन तथा नियन्त्रण यसको सदस्यहरुले नै गर्ने भएकोले संस्थाका सबै गतिविधिहरुमा जानकारी राख्ने, समस्या समाधानमा सहभागी हुने, साधारणसभामा सक्रियतापूर्वक भाग लिने, विस्तारित मंचको बैठकमा भाग लिने, संस्थामा सदस्यको हैसियतले नियमित बचत गर्ने र लिएको कर्जा समयमै चुक्ता गर्ने ।

(३) संस्थाको नाम, ठेगाना, सञ्चालकहरुको पहिचान, सामाजिक प्रतिष्ठा, कर्मचारी तथा व्यवस्थापकहरुको जानकारी, कार्यक्षेत्र, संस्थागत सुशासन, लेखापरिक्षण, साधारण सभा, सामाजिक उत्तरदायित्व प्रतिको सचेतना, सदस्यसँगको सम्वन्ध, संस्थाको कारोवार, नियामकीय निर्देशनको पालना र सुधार, सूचनाहरुको संप्रेषण, वेवसाइट आदिबाट पर्याप्त सूचना संकलन र विश्लेषण गरेपछी मात्र आफ्नो कार्यक्षेत्रभित्रको विश्वासयोग्य कुनै एक प्रकृतिको एक संस्थाको शेयर सदस्य भइ कारोबार गर्ने/गराउने ।

**(ग) केन्द्रीय संघ/सहकारी बैंकका लागिः**

(१) आफू सम्वद्ध प्रारम्भिक संस्थाहरुसँग निरन्तर छलफल र संवाद गर्ने, आवश्यक पूर्व सजगता सहितका निर्देशनहरु जारी गरी कार्यान्वयन गर्ने गराउने । आफूसँग आवद्ध नभएका संस्थाहरुलाई समेत विश्वासमा लिई संस्थागत सुशासन प्रकृयामा सहभागिता अभिवृद्धि गर्ने ।

(२) आफूमा आवद्ध संस्थाहरुको निरन्तर सुक्ष्म निगरानी राखी सम्भाव्य समस्या समाधानका लागि आवश्यक पहल गरी संभव भएसम्म कोषको व्यवस्थापन गर्ने । केन्द्रीय संघहरु मार्फत सञ्चालित स्तरीकरणका कार्यक्रमहरुमा सहभागिता गराउने । सहकारी शिक्षा तथा तालिमका विषयहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्ने ।

२०७९।४।२९

(रुद्रप्रसाद पण्डित)
रजिष्ट्रार